## गल्फ - वेलिङ्गटन

# न्यायपूर्ण खाध्यको लागि बडापत्र

*हामी तालहरू बीचको भूमि र हाम्रा सबै सम्बन्धहरूलाई सम्मान र स्वीकार गर्छौं।*

food system
resiliency table

# परिचय

**न्यायपूर्ण खाध्यले** कहाँ, के र कसरि खाध्य सामग्री उमार्ने, उत्पादन, ढुवानी, वितरण, पहुँच र खाने बारे फाईदाहरु र जोखिमहरुको समान बाँडफाड गर्ने लक्ष्य राख्दछ। न्यायपूर्ण खाध्यले वर्तमान प्रणालीको असमानता र विषमतालाई निर्मुल गर्दै एक परिबर्तनको प्रतिनिधित्व गर्दछ[१] ।

**यस गल्फ - वेलिङ्गटन न्यायपूर्ण खाध्यको लागि बडापत्रले** हाम्रो समाजको दृष्टिकोण र मूल्य र दिगो खाध्य प्रणालीको बर्णन गर्दछ। यो बडापत्रले समुदायहरुलाई जोडेर राखी, ब्यबसाय र खाध्य प्रणालीमा सरकारलाई जहाँ खानाको अधिकार उकास्ने र सबैजना, सम्बन्ध, आर्थिक र पर्यावरणीय प्रणाली मौलाउछ त्यहाँ लगानी गराउने लक्ष्य राख्दछ।

# हाम्रा मुल्यहरु

## हामीले खाध्य गतिबिधि निर्माण गरिरहेका छौं जुन :

• समुदायको सदस्यहरुले जो काला जाति, जनजाती, विभिन्न रंगका मानिसहरु, निम्न आय, एलजीबितिक्यु २ एस+ र अपाङ्ग समुदाय तथा उनीहरुको आवश्यकता पुरा गर्ने खाध्य भण्डारण लागि अगुवाई गरेका हुन्छन्।

• प्रणालीगत उत्पीडनको अन्त्य गर्ने र स्वास्थ्य तथा कल्याणका लागि निष्पक्ष नतिजाहरूलाई प्रबर्द्धन गर्ने नीति र कार्यक्रमहरूलाई अगाडि बढाइ रहेकोछ ।

• खाध्य असुरक्षालाई गरिबीको लक्षणको रूपमा बुझ्छ र पर्याप्त आय र स्रोतहरूमा पहुँचको लागि आह्वान गर्दछ ।

## हामी निम्न विषयवस्तुहरूसँग मिल्ने कार्यहरूलाई समर्थन गरेर न्यायपूर्ण खाध्यको लागि प्रतिबध्द छौं :

१. भूमि र हाम्रा सबै सम्बन्धहरू

२. स्वास्थ्य तथा कल्याणकारिता

३. साझा समृध्दि

४. संस्कृति


५. शिक्षा

# हाम्रा मुल्यहरु

## १. भूमि र हाम्रा सबै सम्बन्धहरू

**हामी भूमि र हाम्रा सबै सम्बन्धहरूको कदर गर्छौं।** हामी समर्थन गर्छौं:

- आदिवासी जनजाति र सीमान्तकृत समुदायका लागि भूमि र स्रोतहरूमा आत्म-निर्णय र उचित पहुँच पुर्याउने
- असन्तुलित प्रभाव र वातावरणीय संकटको सम्बोधन गर्न पहल गर्ने
- भुमि पुनर्स्थपना गर्ने र पानीबाट सिक्ने
- ग्रामिण तथा शहरी भुमि प्रयोगमा भुमि र स्वास्थ र जैविक बिविधतालाई प्राथमिकता दिने



# हाम्रा मुल्यहरु

## २. स्वास्थ्य तथा कल्याणकारिता

**हामी स्वास्थ्य तथा कल्याणकारिताको कदर गर्छौं। हामी समर्थन गर्छौं:**

- रोगहरूको रोकथाम र व्यवस्थापनमा खाना र पोषणको भूमिकाको पहिचान गर्ने।
- हामी बस्ने, सिक्ने, निको पार्ने, काम गर्ने र खेल्ने ठाउँमा सस्तो खाना उपलब्ध गराउने नीति र कार्यक्रमहरूलाई अगाडि बढाउने।
- पैदल, साईकल वा सार्वजनिक यातायाताबाट खानालाई पहुँचयोग्य बनाउन सामुदायिक ढांचा बनाउने।
- खाना बनाउने सीप र ज्ञानको प्रबर्धन गर्ने अवसरहरू उपलब्ध गराउने।



# हाम्रा मुल्यहरु

## ३. साझा समृध्दि

**हामी साझा समृध्दिको कदर गर्छौं।   हामी समर्थन गर्छौं:**

- सुरक्षित आय र सभ्य कामको लागि नीति र कार्यक्रमहरू अगाडि बढाउने।
- स्थानीय खाध्यान्न उत्पादन, प्रशोधन र वितरण गर्न समान अवसर प्रदान गर्ने।
- हाम्रो क्षेत्रलाई भ्रमण गर्न र स्थानीय खाना र कृषि अभ्यासहरूमा लगानी गर्ने ठाउँको रूपमा प्रचार गर्ने।
- समुदायलाई फाइदा पुर्याउने र सामाजिक र वातावरणीय परिणामहरूलाई प्राथमिकता दिने आर्थिक ढांचाहरूको उन्नति गर्ने।




# हाम्रा मुल्यहरु

## ४. संस्कृति

### हामी संस्कृतिको कदर गर्छौं।  हामी समर्थन गर्छौं:

- विभिन्न पृष्ठभूमिका मानिसहरूलाई उनीहरूको इतिहास र कथाहरूको जानकारी बाँध्ने दृष्टिकोणमा केन्द्रित गर्ने।
- सांस्कृतिक रूपमा महत्त्वपूर्ण खाना र अभ्यासहरू बारे जान्न, उमार्न र आनन्द लिने अवसरहरू प्रदान गर्ने।
- खाध्य उत्पादक र उपभोक्ताहरू बीच समान र सम्मानजनक सम्बन्ध निर्माण गर्ने।
- सामुदायिक भेलाका लागि समावेशी ठाउँहरूको सुरुवात गर्ने।



# हाम्रा मुल्यहरु

## ५. शिक्षा

**हामी शिक्षाको कदर गर्छौं। हामी समर्थन गर्छौं:**

- परम्परागत ज्ञान र अभ्यासहरूलाई सम्मान गर्ने र जानकारी आदान प्रदान गर्ने अवसरहरू दिने ।
- सम्पूर्ण खाध्य प्रणालीको बारेमा सार्वजनिक शिक्षा दिने ।
- मानिसहरूलाई खेती र कृषि अभ्यासहरू राम्रोसँग बुझ्न पाओस् भन्नको लागि पहल गर्ने ।
- ध्यानपूर्वक खाने अभ्यासहरू, खाना पकाउने सीपहरू र खाध्य सुरक्षाको बारेमा सिकेर खानासँग सकारात्मक सम्बन्ध बढाउने ।



# परिभाषाहरू

### १. भूमि र हाम्रा सबै सम्बन्धहरू:

केही फर्स्ट नेसन्स इनुइट र मेटिसका लागि, भन्ने हो भने, "मेरा सबै सम्बन्धहरू" भनेको गहिरो अन्तरसम्बन्धहरू स्वीकार गर्नु हो, र सबै कुरा भूमि र अन्य प्राणीहरूसँगको सम्बन्ध छ भनेर जान्नु हो। परिवार, समुदाय र राष्ट्रहरूसँगको बन्धन पुर्खाहरू र भावी सन्तानहरू सँगको सम्बन्ध, भूमि, पानी, र सबै बोटबिरुवाहरू, जनावरहरू र अन्य प्राणीहरूको साथसाथै मूल्यवान हुन्छ[३] ।

### २. प्रणालीगत दमन:

प्रणालीगत दमनले हामीलाई दुर्व्यवहारको ऐतिहासिक र संगठित ढाँचाहरूमा ध्यान दिएर असमानतालाई राम्रोसँग पहिचान गर्न मदत गर्दछ। क्यानाडामा दमनका प्रणालीहरू क्यानाडाली संस्कृति, समाज र कानुनहरुको जगमा बुनेका छन्। सरकारी, शैक्षिक र सांस्कृतिक संस्थाहरूले सीमान्तकृत समूहहरूको जीवनलाई अझ कठिन बनाउँछन् जबकि जो प्रभावशाली समूहको रूपमा देखिन्छ उनीहरुलाई सजिलो बनाउँछन् । प्रणालीगत दमनका उदाहरणहरू जातिवाद, लिंगवाद, बिपरित लिंग आकर्षणवाद, सक्षमता, वर्गवाद, युगवाद, र यहूदीको विरोध हुन्[४] ।

### ३. साझा समृध्दि - हामी सबै राम्रोले गर्छौं जब हामी सबै राम्रो गर्छौं:

हाम्रो समुदाय सधैं सामाजिक, पर्यावरणीय र आर्थिक सम्पत्तिको धनी रहेको छ तर यो विशाल सम्पत्ति समान रूपमा बाँडिएका छैनन्। सम्पूर्ण फाइदाको लागि सानो समूहको मानिसहरूको हातबाट स्रोतहरू सार्नको लागि हामी जायजेथा र एकअर्कासँग कसरी सम्बन्ध राख्छौं भन्ने परिवर्तनमा समाजको संलग्न हुनेछ । हाम्रो क्षेत्र यदि समुदायका सदस्यहरूसंग सभ्य घरमा बस्न, खानको लागि पर्याप्त खाना, आफुलाई टेवा पुर्याउन र जागिरको माध्यमबाट समाजमा योगदान गर्ने, वा आफ्नो वा आफ्ना छोराछोरीको लागि राम्रो जीवन बनाउन आवश्यक स्रोतसाधन हुदैन भने सफल हुन सक्दैन ।

# परिभाषाहरू

## ४. सभ्य काम

सभ्य कामले मानिसहरूको जागिरे जीवनमा अभिलाषाहरु जोड्छ। यसमा उत्पादनशील र उचित आम्दानीमा, कार्यस्थलमा सुरक्षा र परिवारका लागि सामाजिक सुरक्षामा, व्यक्तिगत विकास र एककृत समाजको राम्रो सम्भावनामा, मानिसहरूलाई आफ्ना सरोकारहरू व्यक्त गर्ने स्वतन्त्रतामा, उनीहरूलाई असर गर्ने संगठित निर्णयहरू र सहभागीतामा र सबैलाई अवसर र उपचारको समानतामा काम गर्ने अवसरहरू समावेश हुन्छन्२ ।

## सन्दर्भहरू:


१. https://foodsecurecanada.org/community-networks/food-justice

२. https://www.gwpoverty.ca/decent-work/

३. https://firstnationspedagogy.com/interconnection.html

४. https://nmaahc.si.edu/learn/talking-about-race/topics/social-identities-and-systems-oppression


## जानकारीको लागि सम्पर्क :

कृपया यहाँ प्रदान गर्नुहोला ।

food system resiliency table